August 2015

# TODAY

## (NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 3, Vol. 26

www.eurasiareiyukai.com

Simile of The Month



## हाम्रा गुरु को रोकु ज्यू तोकु जेन्योज्यूको ११औं पुण्यतिथी स्मरण समारोह सम्पन्न

हाम्रा गुरु को रोकु ज्यू तोकु जेन्योज्यूको ११औं पुण्यतिथी स्मरण समारोह सम्पूर्ण मिहाता शाखा, समाज विकास केन्द्र तथा देश अनुसारका कार्यालयहरुमा सम्पन्न भयो । उक्त समारोहमा गुरुज्यूको होम्यो फोटोलाई बिराजमान गरी जम्मा २,७५१ जनाको सहभागीतामा सम्पन्न गर्ने मौका पाई गुरुज्यू प्रति गुण फर्काउने मौका पायौं ।













## हस्तकला तालिम सम्पन्न

मुमा श्रीमती हिरोकु मासुनागाज्यूको सक्रियतामा यूराशिया रेयूकाईमा हस्तकला प्रशिक्षण केन्द्र सञ्चालन भैरहेको छ यसै क्रममा नेपाल देशमा रहेका सम्पूर्ण मिहाता शाखा र बिभिन्न क्षेत्रका सहभागी हरुलाई मिति १० र ११ जुलाई २०१५ का दिन यूराशिया रेयूकाई नेपाल कार्यालयको हस्तकला केन्द्रमा २ दिने प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भयो। उक्त तालिममा सहभागीहरुले उत्साहजनक बिभिन्न हस्तकला सिक्ने मौका पाएका थिए । त्यस्तै समाज बिकास केन्द्र सानेपाको आयोजनामा १८ जुलाई २०१५ का दिन ३९ जनाको सहभागीतामा हस्तकला तालिम सम्पन्न भएको थियो ।













## यूराशिया रेयूकाई नेपालद्वारा ललितपुरको बुंङ्गमतीमा पुनर्निर्माण कार्य











P.K. Bali,
Under Secretary,
Tele: 23013683
FAX: 23015655

प्रधान मंत्री कार्यालय
नई दिल्ली - 110011
PRIME MINISTER'S OFFICE
New Delhi - 110011

Dated: 19-Jun-2015

D.O. No. 82[41742]2015-PMF

Dear Sh. Basnet,

We acknowledge with thanks the generous contribution forwarded towards the Prime Minister's National Relief Fund.

Prime Minister appreciates this thoughtful gesture and conveys his gratitude. This valuable contribution will be of immense help in providing assistance to the victims of the Nepal earthquake.

A formal receipt is enclosed.

With regards,

Yours faithfully,

[P.K. Bali]

SHRI SUMAN KUMAR BASNET,
GENERAL SECRETARY,
EURASIA REIYUKAI,
58, DR. PARASMANI SARANI,
BANKIM NAGAR, WARD NO. 41,
SILIGURI-734001,
JALPAIGURI,
WEST BENGAL.

## खुशीको खबर

यूराशिया रेयूकाई मिति २३ जुलाई २०१५ देखी UN को Economic and Social Council) मा बिधिवत रुपमा दर्ताको भएको छ ।

यूराशिया रेयूकाई HQ सिलिगुढीवाट भुकम्प पिडितहरुको लागी प्रधानमन्त्री राहत कोषमा लोक सभाका सांसद श्री एस.एस. आलुवारीयाज्यू मार्फत १ लाखको चेक हस्तान्तरण गरीयो । सम्मानिय प्रधानमन्त्रीज्यूको कार्यालयवाट प्राप्त धन्यवाद पत्र ।

# यूराशिया रेयूकाईबाट भुकम्प अति प्रभाबित क्षेत्रमा बिभिन्न सहयोगका कृयाकलाप सम्पन्न

यूराशिया रेयूकाईबाट भुकम्प अति प्रभाबित क्षेत्रमा बिभिन्न सहयोगका कृयाकलाप गर्ने मौका पाएका छौं जुन क्रियाकलापबाट महा बिनासकारी भुकम्पबाट मानविय र भौतिक क्षतीबाट त्रसित भई आमा बुबा एवं आफन्त गुमाएका घरबार बिहिन भएर दुःखी भएका बाल बालिकाहरुलाई खुशी प्रदान गर्न उनीहरुको अनुहारमा मुस्कान ल्याउनको लागी क्षेत्रहरुमा राहतका क्रियाकलाप गर्ने मौका पायौं ।

२३ जुन २०१५ का दिन दोलखा जिल्लाको भिरकोट गाँऊ बिकास समितिको वडा नं ३ स्थित भिमेश्वर निम्न माध्यामिक बिद्यालय मा २११ जना बिद्यार्थिहरुलाई शैक्षिक सामाग्रीहरु एवं दैनिक आवश्यक सामाग्रीहरु बितरण गर्ने मौका पायौं ।





७ जुलाई २०१५ का दिन नुवाकोट जिल्ला तारुका गाँऊ बिकास समिति वडा नं ४ स्थित बि.पी. स्मृती प्राथमिक बिद्यालयमा ५५ जना बिद्यार्थिहरुलाई शैक्षिक सामाग्रीहरु एवं दैनिक आवश्यक सामाग्रीहरु बितरण गर्ने मौका पायौं ।

७ जुलाई २०१५ का दिन नुवाकोट जिल्ला त्रिशुली स्थित त्रिभुवन उच्च माध्यामिक बिद्यालयलाई यूराशिया रेयूकाई बाट पुनर्निमाणको लागी २० बन्डल जस्ता पाता उक्त बिधालयलाई हस्तान्तरण गर्ने मौका पायौं ।





१९ जुलाई २०१५ का दिन नुवाकोट जिल्ला तारुका गाँऊ बिकास समिति वडा नं ५ स्थित नमुना जन जागृती प्राथमिक बिद्यालयमा १०० जना जना बिद्यार्थिहरुलाई शैक्षिक सामाग्रीहरु एवं दैनिक आवश्यक सामाग्रीहरु बितरण गर्ने मौका पायौं ।

२५ जुलाई २०१५ का दिन काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं १४ स्थित श्री जनपथ माध्यमिक बिद्यालयमा भुकम्प प्रभाबित क्षेत्रबाट आएर पठन पाठन गरीरहेका भुकम्प पिडित ५० जना बालबालिकाहरुलाई शैक्षिक सामाग्रीहरु एवं दैनिक आवश्यक सामाग्रीहरु बितरण गर्ने मौका पायौं ।





रेयूकाईद्वारा राहत सामग्री वितरण

स्वर्णभूमि



यूराशिया रेयूकाईबाट भारतको मिरिक क्षेत्रमा गएको बिनाशकारी पहिरोमा पिडित भएकाहरुलाई राहतका सामागीहरु बितरण गर्ने मौका पाएका छौं ।